**नीति जेबि–आर–२ : १९७३ (“खण्ड५०४”) को पुनर्स्थापना र खण्ड ५०४ गुनासो प्रक्रियाहरू कार्यान्वयनका लागि नियमनहरू**

स्कूल बोर्ड नीति जेबि को कार्यान्वयनका लागि निम्न नियमन विकसित गरिएको छ - समान शैक्षिक अवसर र गैर-विभेद ।  यस नियमनलाई नीति जेबिमा रेखाङ्कित गरिएका सामान्य उद्देश्य र सिद्धान्तहरूका साथै, फेडेरल र राज्य विधानहरू, र स्थानीय अध्यादेशहरूसँग अनुरूप हुने गरि निर्माण गरिएको छ ।

खण्ड ५०४ र सबै सान्दर्भिक कार्यान्वयन नियमनहरू अन्तर्गत आवश्यक भए अनुसार डेनभर पब्लिक स्कूलहरूले खण्ड ५०४ ले परिभाषित गरे अनुसार असक्तता भएका सबै बच्चाहरूलाई डिस्ट्रिक्टभित्र निशुल्क उपयुक्त सामुदायिक शिक्षा (“एफएपिइ”) प्रदान गर्नेछ । खण्ड ५०४ मा परिभाषित गरिए अनुसार एफएपिइ आवश्यक भएको वा आवश्यक हुने ठानिएको कुनै पनि विद्यार्थीलाई, डिस्ट्रिक्टले यस नियमनमा रेखाङ्कित गरिएका प्रक्रियाहरू पालना गर्नेछ र खण्ड ५०४ अनुसार योजना अवलम्बन गर्नेछ (“५०४योजनाहरू”) ।

**परिभाषाहरू**

1. “स्टुडेन्ट कम्प्लायन्स अफिसर” भन्नाले खण्ड ५०४ अन्तर्गत कम्प्लायन्स (अनुपालन) हेर्ने विद्यार्थी सेवाहरूको कार्यकारी निर्देशक वा उसको प्रतिनिधि भन्ने बुझिन्छ ।
2. “व्यथित व्यक्ति (अग्रिभ्ड इन्डिभिजुअल)” भन्नाले डिस्ट्रिक्टको त्यो विद्यार्थी वा उसको वा उनको आमाबाबु वा अभिभावक बुझिन्छ जो खण्ड ५०४ अनुसार असक्तता भएका विद्यार्थीको पहिचान र एफएपिइको प्रावधान सम्बन्धित बोर्ड नीतिहरूका कथित उल्लङ्घनबाट सोझै प्रभावित छ र/वा सोको साक्षी छ ।

**स्टुडेन्ट कम्प्लायन्स अफिसरको कर्तव्य**

स्टुडेन्ट कम्प्लायन्स अफिसर र उस/उनको स्कूल-आधारित प्रतिनिधि खण्ड ५०४ अनुसार योग्यता निर्धारणका लागि अनुरोधहरू प्राप्त गर्न र खण्ड ५०४ अनुसार असक्तता भएका योग्य विद्यार्थीहरूलाई एफएपिइको प्रावधान आवश्यक हुने फेडेरल वा राज्य कानुन वा बोर्ड नीतिको कुनै कथित उल्लङ्घन सम्बन्धि सबै गुनासो प्रक्रियाहरू अनुसन्धान र समन्वय गर्न जिम्मेवार रहनेछन् ।

डिस्ट्रिक्टका स्टुडेन्ट कम्प्लायन्स अफिसर हुन् :

कार्यकारी निर्देशक<br>
विद्यार्थी सेवाहरू<br>
डेनभर पब्लिक स्कूल्स<br>
1860 Lincoln St.<br>
Denver, CO 80203<br>
टेलिफोन : (७२०) ४२३–३६६९

**विद्यार्थी ५०४ योजनाहरू**

एडिए र खण्ड ५०४ ले असक्ततालाई निम्न तरिकाले परिभाषित गरेका छन् : (१) शारीरिक वा मानसिक दुर्बलता जसले धेरै हदसम्म जीवनका एक वा बढी प्रमुख क्रियाकलापहरूलाई सीमित पार्छ ; (२) त्यस्तो दुर्बलताको अभिलेख ; र (३) त्यस्तो दुर्बलता भएको मानिएको ।

लागूयोग्य कानुन अनुरूप, खण्ड ५०४ अनुसार असक्तता योग्य भएका विद्यार्थीहरूका लागि डेनभर पब्लिक स्कूलहरूले एफएपिइ प्रदान गर्नेछन् । विद्यार्थीलाई ५०४ योजना अनुसार सेवाहरू आवश्यक हुन्छ ठान्ने विद्यार्थीहरू र/वा अभिभावकहरूलाई ५०४ योजनामा विद्यार्थीको सम्भावित योग्यता छलफल गर्नका लागि बैठक अनुरोध गर्न स्टुडेन्ट कम्प्लायन्स अफिसर वा प्रतिनिधिलाई सम्पर्क गर्न प्रोत्साहित गरिन्छ । सोही अनुरूप, विद्यार्थीलाई ५०४ योजना अनुसार सेवाहरू आवश्यक हुन्छ ठान्ने डिस्ट्रिक्ट कर्मचारीहरूले ५०४ योजनामा विद्यार्थीको सम्भावित योग्यता छलफल गर्नका लागि बैठक अनुरोध गर्न स्टुडेन्ट कम्प्लायन्स अफिसर वा प्रतिनिधिलाई सम्पर्क गर्न सक्नेछन् ।

स्टुडेन्ट कम्प्लायन्स अफिसरले विद्यार्थी, विद्यार्थीको स्कूलको इतिहास, विद्यार्थीका व्यक्तिगत आवश्यकताहरू, कुनै पनि मूल्याङ्कन तथ्याङ्कको अर्थ र सेवाहरूका लागि विकल्पहरूबारे जानकार व्यक्तिहरूको एउटा समूह ("५०४ समूह") गठन गर्नेछन् । स्टुडेन्ट कम्प्लायन्स अफिसरले विद्यार्थीका आमाबाबु, वा अभिभावकलाई विद्यार्थीको ५०४ समूहमा सहभागिता सुरक्षित गर्ने युक्तिसङ्गत प्रयासहरू गर्नेछन् ।

विद्यार्थीको ५०४ समूहले सो योजनाको स्वीकृतिका लागि सिफारिस विचार गर्नेछ र सो योजनामा विद्यार्थीको योग्यता निर्धारण गर्नका लागि कुनै मूल्याङ्कनहरू आवश्यक छन् कि छैनन् भनी निर्धारण गर्नेछ । डिस्ट्रिक्टले ५०४ योजनाका लागि योग्यता निर्धारण गर्न मूल्याङ्कन अनुरोध गर्न सक्छ । यद्यपि, यदि डिस्ट्रिक्टले ५०४ योजनाका लागि योग्यता निर्धारण गर्न मूल्याङ्कन आवश्यक मानेमा, डिस्ट्रिक्टले सो मूल्याङ्कन आफ्नै खर्चमा गर्नेछ ।

खण्ड ५०४ अनुसार असक्तता भएका विद्यार्थी पहिचान गरिएको विद्यार्थीका लागि कस्ता सेवाहरू आवश्यक छन् भनी निर्धारण गर्न विद्यार्थीको ५०४ समूह जिम्मेवार हुनेछ । यस्ता निर्धारणहरू गर्दा, विद्यार्थीको ५०४ समूहले सबै उपलब्ध सान्दर्भिक जानकारीहरू विचार गर्नेछ र विद्यार्थीका लागि सेवाहरूको निर्धारण गर्ने ५०४ समूह बैठकहरूमा सहभागिताका लागि विद्यार्थीका आमाबाबु वा अभिभावकलाई आमन्त्रित गरिनेछ । विद्यार्थीको योग्यता निर्धारण गर्दा र उपयुक्त शैक्षिक सेवाहरूको प्रावधानहरूको योजना गर्दा, विद्यार्थीको ५०४ समूहले फाराम जेबि–इ पूरा गर्नुपर्नेछ : "खण्ड ५०४ योजना ।"

५०४ समूहले खण्ड ५०४ अनुसार असक्तता भएको विद्यार्थी हुँदाहुँदै पनि कुनै पनि सेवाहरू उपयुक्त हुँदैनन् भनी निर्धारण गर्नसक्छ । त्यस्तो अवस्थामा, ५०४ समूहले विद्यार्थी खण्ड ५०४ अनुसार असक्तता भएको विद्यार्थी भएको तर विद्यार्थीलाई शैक्षिक वातावरण प्राप्त गर्न सेवाहरू आवश्यक नभएको दस्तावेजीकरण गर्नेछ ।

**विद्यार्थी प्रगतिको समीक्षा**

विद्यार्थीको ५०४ समूहले निर्धारित सेवाहरू उपयुक्त र आवश्यक भए नभएको निर्धारण गर्न र विद्यार्थीका आवश्यकताहरू उसका असक्तता नभएका साथीहरू सरह नै पूरा भैरहेको कुरा सुनिश्चित गर्न विद्यार्थीको प्रगति र विद्यार्थीको ५०४ योजनाको प्रभावकारिताको वार्षिक रूपमा अनुगमन गर्नेछ । खण्ड ५०४ अनुसार असक्तता भएको विद्यार्थीको पहिचान, मूल्याङ्कन, वा स्थापन सम्बन्धी कुनै पनि डिस्ट्रिक्ट निर्णय विद्यार्थीका आमाबाबु वा अभिभावकलाई लिखितमा सूचीत गरिन्छ ।

**गुनासा प्रक्रिया**

खण्ड ५०४ अन्तर्गतका र अन्यथा कानुनद्वारा आवश्यक अभियोगहरूका लागि, खण्ड ५०४ अन्तर्गत बिशेष शिक्षा वा सम्बन्धित सेवाहरूको आवश्यकता भएका वा आवश्यक ठानिएका विद्यार्थीहरूको पहिचान, मूल्याङ्कन र शैक्षिक स्थापनलाई चुनौती दिने व्यथित व्यक्तिहरूले सुनवाइ अनुरोध गर्न सक्नेछन् । गुनासाहरू मौखिक वा लिखित रूपमा गर्न सकिन्छ, तर व्यथित व्यक्तिहरूलाई फाराम एसिइ-इ-२ प्रयोग गर्न प्रोत्साहित गरिन्छ । "विभेद/उत्पीडन गुनासो फाराम" शिक्षकहरू, परामर्शदाताहरू, प्रिन्सिपलहरू, वा अन्य डिस्ट्रिक्ट कर्मचारीहरूद्वारा प्राप्त प्रतिवेदनहरू तुरुन्तै स्टुडेन्ट कम्प्लायन्स अफिसरलाई पठाइनेछ ।

सबै गुनासाहरूमा साक्षीहरू सहित कथित घटनाहरूको विस्तारित वर्णन, सो घटना भएको मिति, र संलग्न पार्टीहरूको नाम उल्लेख भएको हुनुपर्नेछ । खण्ड ५०४ समूहको निर्णय प्राप्त भएको मितिले ३० दिनभित्र गुनासो गरिसक्नुपर्नेछ जससँग विद्यार्थी र/वा उसका वा उनका आमाबाबु वा अभिभावक असहमत छन् ।

स्टुडेन्ट कम्प्लायन्स अफिसरले यस प्रक्रिया अन्तर्गत व्यथित व्यक्तिसँग उस/उनका औपचारिक र अनौपचारिक अधिकारहरू र विकल्पहरूको अनुसन्धान गर्न र सञ्चार गर्न प्रतिनिधि नियुक्त गर्नेछन् ।

कृपया नोट गर्नुहोस्, असक्ततामा आधारित विभेदका गुनासाहरूका लागि **जेबि-आर१** मा रेखाङ्कित प्रक्रियाहरू लागू हुनेछन् । यस प्रक्रियाले व्यथित व्यक्तिलाई विद्यार्थीहरूको पहिचान, मूल्याङ्कन वा शैक्षिक स्थापन सम्बन्धित यहाँ रेखाङ्कित गरिएका गुनासा प्रक्रिया मार्फत राहत माग गर्ने हकबाट निषेध गर्नेछैन ।

**अनौपचारिक मध्यस्तता प्रक्रियाहरू**

यदि विद्यार्थी कम्प्लायन्स अफिसरले अनौपचारिक मध्यस्तताका लागि अनुरोध प्राप्त गर्छन् भने, विद्यार्थी कम्प्लायन्स अफिसरले मध्यस्तता छलफलहरू सहज बनाउनका लागि खण्ड ५०४ अन्तर्गत तालिमप्राप्त डिस्ट्रिक्ट स्टाफको सदस्य नियुक्त गर्नेछन्। अनौपचारिक मध्यस्ततामार्फत गरिएका कुनै पनि सहमतिहरू पार्टीहरूलाई लिखितमा प्रदान गरिनेछ। यस प्रक्रियाले व्यथित व्यक्तिको अन्य डिस्टिक्ट खण्ड ५०४ समाधान प्रक्रियाहरू पहल गर्ने र/वा नागरिक अधिकार कार्यालयमा औपचारिक गुनासो पहल गर्ने अधिकारलाई प्रभावित पार्नेछैन।

**औपचारिक सुनुवाइ प्रक्रियाहरू**

१९७३ को पुनर्स्थापना खण्ड ५०४ अन्तर्गत संरक्षण प्राप्त विद्यार्थीको पहिचान, मूल्याङ्कन, स्थापन र/वा सेवाका प्रावधानहरू सम्बन्धित विवादहरूको समाधान गर्नका लागि निष्पक्ष सुनुवाइ प्रक्रिया उपलब्ध हुनेछ। व्यथित व्यक्ति वा डिस्ट्रिक्टले सुनुवाइ पहल गर्न सक्नेछन्। व्यथित व्यक्तिले माथि पहिचान गरिएको गुनासो प्रक्रिया प्रयोग गरेर सुनुवाइ अनुरोध गर्नेछन्।

सुपरिटेन्डेन्ट वा प्रतिनिधिले निष्पक्ष सुनुवाइ अधिकारी नियुक्त गर्नेछन्। सुनुवाइका लागि निर्धारित मितिले कम्तिमा ५ स्कूल दिनअघि विद्यार्थीको आमाबाबु वा अभिभावकलाई सुनुवाइको लिखित सूचना गरिनेछ। सो सूचना वा अभिभावकको मूल भाषामा हुनेछ र सो मा निम्न कुरा सामेल हुनेछ :

1. सुनुवाइको समय र स्थान सम्बन्धी कथन;
2. काउन्सेलद्वारा प्रतिनिधित्व गरिमाग्ने आमाबाबु वा अभिभावकको अधिकारको कथन; र
3. सान्दर्भिक अभिलेखहरू परीक्षण गर्ने आमाबाबु वा अभिभावकको अधिकारको कथन।

सुनुवाइ अनौपचारिक हुनेछ र विद्यार्थी र उसका वा उनका आमाबाबु वा अभिभावक सुनुवाइमा उपस्थित हुन सक्नेछन् र उनीहरूलाई गवाही र अन्य प्रमाणहरू प्रस्तुत गर्ने हक हुनेछ। प्रमाणका औपचारिक नियमहरू लागू हुनेछैनन्। स्टुडेन्ट कम्लायन्स अफिसर वा प्रतिनिधिले सुनुवाइमा डिस्ट्रिक्टको प्रतिनिधित्व गर्न सक्नेछन् र सोही अनुसार बयान र अन्य प्रमाणहरू प्रस्तुत गर्ने अधिकार राख्छन्। सर्वसाधारणका लागि सुनुवाइ बन्द रहनेछ।

सुनुवाइ अधिकारीले सुनुवाइ पूरा भएको १० स्कूल दिनभित्र व्यथित व्यक्ति र स्टुडेन्ट कम्प्लायन्स अफिसरलाई प्रशासनिक सुनुवाइमा प्रस्तुत गरिएका प्रमाणहरूको आधारमा लिखित निर्णय पेस गर्नेछन्। सुनुवाइ अधिकारीको निर्णयमा प्रमाणको सारांश र निर्णयका कारणहरू सामेल हुनेछ।

व्यथित व्यक्ति वा डिस्ट्रिक्टले सुपरिटेन्डेन्ट वा प्रतिनिधिलाई सुनुवाइ अधिकारीको निर्णय प्राप्तिको १० क्यालेन्डर दिनभित्र समीक्षाका लागि अनुरोध बुझाएर सुनुवाइ अधिकारीको निर्णय अपील गर्न सक्नेछन्। सो अनुरोध लिखितमा हुनुपर्नेछ र सोमा अपीलकर्ताको सुनुवाइ अधिकारीसँगको असहमति स्पष्ट रूपमा उल्लेख हुनुपर्नेछ। सुपरिन्टेन्डेन्ट वा प्रतिनिधिले सुनुवाइको अभिलेख समीक्षा गर्नेछन् र अतिरिक्त लिखित जानकारी वा मौखिक बयान अनुरोध गर्न सक्नेछन्। सुपरिन्टेन्डेन्ट वा प्रतिनिधिले अपील प्राप्त गरेको १५ स्कूल दिनभित्र लिखित निर्णय जारी गर्नेछन्। सुपरिन्टेन्डेन्ट वा प्रतिनिधिको निर्णय अन्तिम हुनेछ।

यहाँ समावेश कुनै पनि कुरा बोर्ड नीति, प्रशासनिक प्रक्रिया, कानुन, नियम, नियमन-बाट स्वतन्त्र सुनुवाइको अधिकार कुनै व्यक्तिलाई भन्नका लागि वा त्यस्तो अधिकार खुला रूपमा प्रदान गरिएको सहमति व्याख्या गरिनु हुँदैन।

**बाहिरी एजेन्सीहरू**

खण्ड ५०४/एडिएको उल्लङ्घनहरू सम्बन्धित गुनासाहरू सोझै नागरिक अधिकार कार्यालय, अमेरिकामा दर्ता गराउन सकिनेछ। Department of Education, 1244 North Speer Blvd., Suite 310, Denver, CO 80204.

कानुनी सन्दर्भः
१९७३ को पुनर्स्थापना खण्ड ५०४, २९ यु.एस.सि § ७९४
असक्तता भएका अमेरिकीहरू अधिनियम, ४२ यु.एस.सि § १२१०१ र तपसिल
२८ सि.एफ.आर. § ३५.१०१ र पछि

क्रस सन्दर्भ :
जेबि- समान शिक्षा अवसरहरू र गैरविभेद